# कर्जन्हा नगरपालिका

# स्थानिय राजपत्र

खण्ड २ संख्या १ प्रकाशन मिति : २०८०।३।२४ गते


## भाग - १

## कर्जन्हा नगरपालिका

### कर्जन्हा नगरपालिकाको स्वास्थ्य सेवा ऐन, २०८०

**प्रस्तावनाः** नेपालको संविधानले प्रत्याभुत गरेको नागरिकको स्वास्थ्य सम्बन्धी अधिकारको कार्यान्वयन गर्न कर्जन्हा नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न किसिमका स्वास्थ्य संस्था संचालन, व्यवस्थापन र नियमन गरी गुणस्तरीय स्वास्थ्य सेवा सहज ढंगले संचालन तथा व्यवस्थापन गर्न बाञ्छनीय भएकाले, कर्जन्हा नगरपालिकाको नगरसभाले यो ऐन पारित गरि लागु गरेको छ ।

**परिच्छेद - १**
**संक्षिप्त नाम र प्रारम्भ**

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम “कर्जन्हा नगरपालिका स्वास्थ्य सेवा ऐन, २०८०” रहेको छ ।

(२) यो ऐन कर्जन्हा नगरपालिकाको राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “प्रमुख” भन्नाले कर्जन्हा नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(ख) “उपप्रमुख” भन्नाले कर्जन्हा नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ ।

(ग) “नगरपालिका” भन्नाले कर्जन्हा नगरपालिकालाई सम्झनु पर्दछ ।

(घ) “कार्यालय”भन्नालेकर्जन्हा नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) “आर्थिक वर्ष” भन्नाले प्रत्येक बर्षको श्रावण एक गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

(च) “कार्यपालिका” भन्नाले कर्जन्हा नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(छ) “नगर सभा” भन्नाले कर्जन्हा नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(ज) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको काम काज गर्न नेपाल सरकारबाट तोकिएको अधिकृतलाई सम्झनु पर्दछ ।

(झ) “समिति” भन्नाले ऐन बमोजिम गठन हुने समिती सम्झनु पर्दछ ।

(ञ) “स्वास्थ्य संस्था” भन्नाले कर्जन्हा नगरपालिका क्षेत्र भित्र रहेका अस्पताल, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य प्रवर्धन केन्द्र, आयुर्वेदिक औषधालय, शहरी स्वास्थ्य ल्किनीक, आभारभूत स्वस्थ्य केन्द्र, सामुदायीक स्वस्थ्य केन्द्र र यस्तै प्रकारका निजी तथा सामुदायीक स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

**३. नगर स्वास्थ्य समितिको गठन :** (१) कर्जन्हा नगरपालिका क्षेत्रभित्र स्थापना भएका वा स्थापना हुने स्वास्थ्य संस्थाको दर्ता, संचालन, अनुगमन तथा नियमन, व्यवस्थापनका साथै नगरपालिका क्षेत्र भित्रको स्वास्थ्य सम्बन्धी आवश्यक कार्य गर्न देहाय बमोजिमको एक नगर स्वास्थ्य समिति रहनेछ ।

(क) नगरप्रमुख - संयोजक

(ख) उपप्रमुख - सहसंयोजक

(ग) प्रमुख प्रसाशकीय अधिकृत - सदस्य

(घ) कार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्य मध्येबाट एक महिला सहित तिन जना- सदस्य

(ङ) समितीले तोकेको स्वास्थ्य सम्बन्धी अनुभव भएको स्वास्थ्य संस्थाको एकजना प्रतिनिधि- सदस्य

(च) अस्पताल भएको वडाको वडाध्यक्ष (पदेन) - सदस्य

(छ) कर्जन्हा नगरपालिकाको स्वस्थ्य शाखा प्रमुख - सदस्य सचिव

**४. नगर स्वास्थ्य समितिको काम कर्तव्य र अधिकार :** नगर स्वास्थ्य समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) अस्पतालको संचालन तथा व्यवस्थापन सम्वन्धी सम्पूर्ण कार्य गर्ने,

(ख) नगर स्वास्थ्य सेवा सम्बन्धी नीति तथा कार्ययोजना स्वीकृत गर्ने,

(ग) नगरपालिका क्षेत्र भित्रको स्वास्थ्य सम्बन्धी समग्र कार्यको अनुगमन गर्ने वा गर्न लगाउने,

(घ) नगरपालिका स्वयम्ले संचालन गरेको अस्पताल, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य प्रवर्धन केन्द्र, आयुर्वेद औषधालय लगायतको संचालनमा रहेका संस्थाको गुणस्तर बृद्धि गर्ने नीति कार्य तथा योजना स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने,

(ङ) नगर स्वास्थ्य सम्बन्धी आवश्यक मापदण्ड स्वीकृत गरी कार्यान्वयन गर्ने,

(च) नगरपालिका स्वयम्ले संचालन गरेको अस्पताल, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य प्रवर्धन केन्द्र लगायतका संस्था संग सम्बन्धित समिति वा त्यस्तो कार्यालयलाई आवश्यक निर्देशन दिने,

(छ) खण्ड (घ) बमोजिमका संस्थामा कार्यरत कर्मचारीको कामको अनुगमन मूल्याङ्न गर्ने पुरस्कार र दण्ड सम्बन्धी आवश्यक नीति तय गर्ने,

(ज) नगर क्षेत्रको सम्पूर्ण स्वास्थ्य सम्बन्धी कृयाकलाप सम्बन्धी नीति योजना तय गरी कार्यान्वयन गर्ने,

(झ) यो ऐन तथा प्रचलित कानुनले तोकेवमोजिम निजी क्षेत्रबाट सञ्चालन हुने अस्पताल, क्लिनिक, मेडिकलहरुको दर्ता, नविकरण नियमन गर्ने,

(ञ) अस्पतालमा कार्यरत कर्मचारीको घरविदा, विरामी विदा, प्रस्तुती विदा, पर्व विदा, भैपरी विदा वाहेकका अन्य विदा स्वीकृत गर्ने,

(ट) स्वास्थ्य संस्थाको खारेजीको लागि कार्यपालिकामा सिफारिश गर्ने ।

**५. अस्पताल र स्वास्थ्य केन्द्र सम्वन्धी व्यवस्था :** (१) दफा (३) बमोजिमको समीतिले निर्णय गरी नगरपालिका क्षेत्र भित्रमा विभिन्न वडामा स्तर निर्धारण गरी अस्पताल, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य प्रवर्धन केन्द्र, आयुर्वेदिक औषधालय, शहरी स्वास्थ्य क्लिनिक आभारभूत स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य केन्द्र, र यस्तै प्रकारका निजी तथा सामुदायीक स्वास्थ्य संस्था समेतको स्थापना गरी संचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका स्वास्थ्य चौकी वा स्वास्थ्य केन्द्र को मापदण्ड त्यस्तो संस्थामा रहने कर्मचारी तिनको सेवा सुविधा र संचालन विधि तोकिए बमोजिम हुनेछ ।

**७. निजी क्षेत्र वा अन्य निकाय संग साझेदारी गर्न सकिने :** (१) नगरपालिकाले संचालन गर्ने अस्पताल, स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य केन्द्र र आयुर्वेदकेन्द्र स्थापना संचालन गर्दा निजी क्षेत्र, विभिन्न निकाय वा प्रतिष्ठान संग सम्झौता गरी सम्झौता बमोजिम साझेदारीमा स्थापना वा संचालन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम साझेदारी गर्दा अपनाउनु पर्ने प्रकृया र त्यस्को लागत र प्राप्त हुने परीमाणको विषयमा यस ऐन बमोजिमको समितिले स्पष्ट मापदण्ड स्वीकृत गरी लागु गर्न सक्नेछ ।

**८. निजी क्षेत्रले स्वास्थ्य संस्थास्थापना गर्न पाउने :** (१) निजी क्षेत्रले यस ऐन र प्रचलित कानून बमोजिम स्वास्थ्य संस्था, क्लिनिक, अस्पताल फार्मेसी संचालन गर्दा नगरपालिकाको स्वीकृती लिनुपर्नेछ ।

(२) उपदफा (१) वमोजिमको स्वास्थ्य संस्था,क्लिनिक, अस्पताल वा फार्मेसी संचालन गर्न चाहेमा त्यस्तो संस्था रहने स्थान, जनशक्तिको विवरण, सेवाको प्रकृती र किसीम, सेवा दिने समय लगायतको विवरण समेत उल्लेख गरी कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन परेमा आवश्यक जाँचवुझ गरी तोकेको दस्तुर लिई समितिले स्वीकृती प्रदान गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम निवेदन परेमा समितिले बढीमा तिन महिना भित्र आवश्यक जाँजवुझ गरी स्वीकृत दिने वा नदिने निर्णय गर्नु पर्नेछ ।

(५) उपदफ (३) वमोजिम स्वीकृत दिन नसकिने भएप्रमुख प्रशासकीय अधिकृतलेस्वीकृत दिन नसक्नुको कारण र आधार समेत खोलीसात दिन भित्र निवेदकलाई लिखित जानकारी दिनुपर्नेछ ।

(६) स्विकृति सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**९. दर्ता प्रमाण पत्र सम्बन्धि व्यवस्था :** दफा ५ वमोजिम स्वास्थ्य संस्था क्लिनिक अस्पताल फार्मेसी संचालन स्वीकृत प्रदान गर्ने निर्णय भएपछि, त्यस्तो संस्था संचालन प्रारम्भ गर्नु पर्ने मिति र अन्य आवश्यक मापदण्ड सम्वन्धि व्यवस्था उल्लेख गरी अनुसूची (१) बमोजिमको ढाँचामा प्रमाण पत्र दिनुपर्नेछ ।

**१०.महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका सम्बन्धी व्यवस्था :** (१) यो ऐन प्रारम्भ हुनु भन्दा अघि कर्जन्हा नगरपालिका अर्न्तगत कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयम्सेवीकाहरुलाई आवश्यकता अनुसार नगरपालिकाले परिचालन गर्न सक्नेछ ।

(२) महिला स्वास्थ्य स्वयमसेवीकालाई दिइने सेवा सुविधा सम्बन्धी व्यवस्था प्रचलित कानून र समितिको सीफारीसमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) वमोजिमका महिला स्वयमसेवीकाको उमेरको हद साठी वर्षको हुनेछ ।

(४) उपदफा (३) बमोजिम साठी वर्ष उमेर हद पूरा भएको महिला स्वास्थ्य स्वयंम सेविकाको सुविधा सम्बन्धी व्यवस्था नगरसभाले तोके बमोजिम हुनेछ ।

**११. औषधी तथा स्वास्थ्य उपकरण खरीद तथा भण्डारण सम्बन्धी व्यवस्था :** (१) नगरपालिकाले संचालन गरेको अस्पताल वा स्वास्थ्य केन्द्र वा इकाईको वार्षिक वजेटको अधिनमा रहि आवश्यकता अनुसार औषधी तथा उपकरण प्रचलित कानुन वमोजिम खरीद गर्न सक्नेछ ।

(२) उपदफा (१) बाहेकका अस्पताल, स्वास्थ्य चौकी, सहरी स्वास्थ्य केन्द्र, आयुर्वेद औषधालय, शहरी स्वास्थ्य ल्किनिक, आधारभूत स्वस्थ्य केन्द्र, सामुदायीक स्वस्थ्य केन्द्रका लागि आवश्यक औषधी र उपकरण नगरपालिकाको कार्यालयले मापदण्ड बनाई वितरणको व्यवस्था गर्नेछ ।

**१२. स्वास्थ्य समूह सम्बन्धी व्यवस्था :**(१) नगरपालिका क्षेत्र भित्र गठन भइ संचालनमा रहेका वा गठन हुने स्वास्थ्यसमूहको अभिलेख कर्जन्हा नगरपालिकामा राखिनेछ ।

(२) उपदफा (१) वमोजिमका स्वास्थ्य समूह मार्फत स्वास्थ्य सरसफाई फोहोर व्यवस्थापन सम्बन्धी कार्यमा नगरपालिकाले आवश्यक सहयोग लिनेछ ।

(३) स्वास्थ्य समूह सम्बन्धीअन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१३. सजाय सम्बन्धी व्यवस्था :** (१) यस ऐन वा नियम विपरीत कसैलेवा कुनै संस्थालेअन्यथा कार्य गरेमा त्यस्तो कार्य गर्ने व्यक्ति वा संस्थालाई यस ऐन वमोजिमको समितिले आवश्यक जाँचवुझ गरी पहिलो पटकलाई नसिहत दिने र दोश्रो पटकका लागि पाँच हजार रुपौयासम्म जरीवना गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको सजाय पाइसकेको संस्थाले दोश्रो पटकभन्दा बढी त्यस्तो गल्ती गरेमा त्यस्तो संस्थाको दर्ता खारेजीको लागि समितिले कार्यपालिकालाई सिफारीस गर्नेछ र कार्यापालिकाले त्यास्तो संस्था खारेज गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) वमोजिम जरीवाना वा सजाय गर्नु अघि सम्बन्धित व्यक्ति वा संस्थालाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

**१४. व्यवस्थापन समितिः** यो ऐन प्रारम्भ भएपछि अस्पताल व्यवस्थापन समिति, स्वास्थ्य चौकी र वडा स्वास्थ्य केन्द्र वा इकाईको व्यवस्थापन समिति यसै ऐन बमोजिम हुनेछ र यो ऐन प्रारम्भ भए पश्चात यो भन्दा अघि कायम रहेका त्यस्ता समितिहरु स्वत विघटन हुनेछन ।

**१५. नियम बनाउन सक्ने :** यस ऐनको कार्यान्वयनको लागि यस ऐन बमोजिमको नगरकार्यपालिकाले आवश्यक नियमबनाई लागु गर्न सक्नेछ ।

**१६. बाधा अड्काउ फुकाउ :** यो ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ परे यो ऐनको प्रतिकुल नहुने गरी यस ऐन बमोजिमको नगरपालिकाले आवश्यक आदेश जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउने ।

**१७. बचाउ :** यो ऐन लागु हुनु पुर्व भए गरेका स्वास्थ्य सेवा सम्बन्धी कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

प्रमाणिकरण मिति : २०८०।०३२४ गते

आज्ञाले

बुद्धिमान दनुवार
प्रमुख प्रशासकिय अधिकृत